

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ८ गते सोमबार ❑ 20 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## साझा व्यक्ति नै राष्ट्रपतिको उम्मेदवार : महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले राष्ट्रपतिको उम्मेदवार साझा व्यक्ति हुनुपर्ने बताउनुभएको छ ।

प्रेस सेन्टर नेपाल, कास्कीद्वारा आइतबार पोखरामा आयोजित पत्रकार भेटघाटमा उहाँले पार्टीगतभन्दा पनि साझा व्यक्तिबाट राष्ट्रपति खोज्न आवश्यक भएको बताउनुभयो । 'कांग्रेस र एमालेले राष्ट्रपतिको उम्मेदवारी दिने तयारी गरेका छन् तर पार्टीभन्दा बाहिरबाट संविधान र लोकतन्त्रको मर्म बुझेको साझा व्यक्ति राष्ट्रपति हुनुपर्छ भनेर हामीले भनेका छौँ', गुरुङले भन्नुभयो, 'संविधानले पनि साझा र दलगतभन्दा बाहिरको व्यक्ति राष्ट्रपतिको परिकल्पना गरेको




छ ।' राजनीतिक पार्टीका व्यक्ति राष्ट्रपतिमा चुन्दा पटकपटक धोखा खानु परेकाले स्वच्छ छवि भएका लोकतन्त्र र संविधानको रक्षा गर्ने व्यक्ति राष्ट्रपतिका लागि उपयुक्त पात्र हुने भनाइ उहाँको छ । 'स्वच्छ छवि भएको व्यक्ति राष्ट्रपति चयन गर्न प्रस्तावक जुन दल पनि हुनसक्छ', उहाँले भन्नुभयो- 'संविधानलाई भताभुङ्ग गरेर आफू निकट पार्टीको पक्षमा निर्णय गर्ने राष्ट्रपति हैन, यस अघि पनि हामीले राष्ट्रपतिबाट धोखा पाइसकेका छौँ ।'

राष्ट्रपतिको विषयमा मुलुकको हितका विषयमा सोच्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, 'पार्टीगत फाइदाभन्दा पनि समग्र मुलुकको राजनीतिक स्थीरताको लागि सोच्नुपर्छ ।' राजनीतिक स्थीरताका लागि संविधानको रक्षा, सुशासन, आर्थिक समृद्धि र स्वाधिनताको रक्षाका राजनीतिक दलहरू पार्टी स्वार्थबाट माथि उठ्नै पर्ने भनाइ उहाँको थियो ।

## प्रदेश सरकार रासससँग सहकार्य गर्न चाहन्छ : मन्त्री चुमान

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री हरिबहादुर चुमानले गण्डकी प्रदेश सरकार राष्ट्रिय समाचार समिति (रासस)सँग सहकार्य गर्न तत्पर रहेको बताउनुभएको छ ।

राससको ६२ औँ वार्षिकोत्सवका अवसरमा गण्डकी प्रदेश कार्यालयले आइतबार पोखरामा आयोजना गरेको शुभकामना आदानप्रदान तथा 'सुशासन र समृद्धिका लागि रासस' विषयक अन्तरक्रियामा उहाँले राससले प्रदेशवासी जनताका आवाजलाई स्थापित गर्नुपर्ने र प्रदेश सरकार त्यसका लागि तयार रहेको बताउनुभयो ।

मन्त्री चुमानले भन्नुभयो,'प्रदेश सरकारका गतिविधिलाई आम जनतामा पुऱ्याउन राससको भूमिका महत्वपूर्ण हुन्छ । हामी यसका लागि रासससँग सहकार्य गर्न तयार छौँ । तपाईहरुले प्रस्ताव ल्याउनुहोला ।' मन्त्री चुमानले दोस्रो चरणमा प्रवेश गरेको प्रदेश सरकारको जोड सुशासन कायम गर्नमा रहेकाले सञ्चारमाध्यमलाई सघाउन आग्रह गर्नुभयो। 'हामीलाई अहिले के महशुस भएको छ भने अघिल्लो चरणमा सुशासनमा हाम्रो जोड पुगेन । यसपटक सुशासनमा बढी जोड दिनुपर्दछ भनेर डिजिटल गण्डकी प्रदेशको अभियानमा छौँ ।' मन्त्री चुमानले रासस स्वायत्त संस्थाको रुपमा रहोस् भन्ने धेरैको अपेक्षा हुनु




स्वभाविक भन्दै रासस समाचार बैंक भएकाले यसको विकासमा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो । राससका पूर्वकार्यकारी अध्यक्ष कोमलनाथ बरालले राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वका विषयमा सरकारको धारणा के हो भनेर बुझ्न राससको समाचार खोजी हुने बताउनुभयो । राससलाई सरकारले पूर्ण रुपमा नियन्त्रण गर्न नहुनेमा जोड दिँदै समाचार संकलनमा रासस स्वतन्त्र रहेको उल्लेख गर्नुभयो । उहाँले खोजमूलक समाचार राससले दिन सक्नुपर्ने बताउनुभयो। 'खोजमूलक पत्रकारिताले जनताका भोगाई सरकारसम्म ल्याउन सहयोग पुग्दछ', पूर्वअध्यक्ष बरालले भन्नुभयो । राससका तत्कालिन पश्चिमाञ्चल क्षेत्रीय कार्यालय प्रमुख एवं पत्रकार महासङ्घ कास्कीका पूर्वअध्यक्ष नारायण कार्कीले राससलाई स्वायत्त बनाउनुपर्नेमा जोड दिँदै लोकतान्त्रिक मुलुकमा सरकारले लगानी गरेर सञ्चार माध्यम चलाउन हुँदैन भन्ने मान्यता रहेको बताउनुभयो । कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाहीले यातायात कार्यालय लगायत सेवाग्राहीका बढी भीड हुने कार्यालयहरुमा सरकारले सेवा प्रवाहलाई सहज बनाउन सुरु गरेका प्रयासका बारेमा समेत जनतालाई सुसूचित गराउन आग्रह गर्नुभयो । पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीले राससका समाचारमा आम जनताको पहुँच हुने गरी रासस अघि बढ्नुपर्ने बताउनुभयो । महासंघ कास्कीका पूर्वअध्यक्ष एवं प्रेस स्वतन्त्रता सेनानी कुशुमकेशव पराजुलीले सरकारीसहित नीजि क्षेत्रमा समेत सुशासन आवश्यक रहेको र सुशासनका लागि जिम्मेवार निकायलाई घचघचाउन राससको भूमिका हुने बताउनुभयो ।

महासंघ कास्कीका निर्वतमान अध्यक्ष दीपेन्द्र श्रेष्ठले राससमा आलोचनात्मक समाचार पनि आउनुपर्ने बताउनुभयो । उहाँले समाचार लेखिरहँदा यहाँको सम्भावनाहरुलाई समेत उजागार गर्न आवश्यक रहेकोमा जोड दिनुभयो । राससका समाचार पत्रपत्रिकामूखी बढी भएकाले टेलिभिजन र अनलाइनका लागि समेत हुने गरी प्रकाशन हुनुपर्ने उहाँको भनाइ थियो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा पर्यटकीय राजधानी भएकाले पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने समाचार राससबाट अपेक्षा गरिएको बताउनुभयो ।

गोरखापत्र दैनिक गण्डकी प्रदेश संयोजक रमेश पौडेलले जनतासँग जोडिएका समाचार ल्याउन सके त्यसले समृद्धिमा योगदान पुग्ने धारणा राख्नुभयो । कार्यक्रममा पत्रकारहरु बद्रीविनोद प्रतिक, भरत कोइराला, वासुदेव मिश्र, माधव पनेरु, फडिन्द्र अकिञ्जन, दीननाथ बराललगायतले राससले नागरिक पत्रकारिता र नागरिक चासोका समाचार दिन सकेमा समृद्धिमा योगदान पुग्ने बताउनुभएको थियो ।

रासस गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेलले आधिकारिक, विश्वसनीय, सन्तुलित र तथ्यपूर्ण समाचार सम्प्रेषणनै राससको मूल मन्त्र रहेको बताउनुभयो । देशका ७७ वटै जिल्ला एवम् आवश्यकता अनुसार पालिकामासमेतमा राससका प्रतिनिधिले हरेक दिन समाचार सम्प्रेषण गर्दै आएको जानकारी दिँदै पोखराको पर्यटन, शिक्षा, स्वास्थ्य, खेलकुद र यहाँको उद्योग व्यवसायलाई केन्द्रमा राखेर समाचार प्रकाशन गर्ने गरिएको बताउनुभयो ।

रासस गण्डकी प्रदेश कार्यालयका वरिष्ठ सहायक समाचारदाता रामबहादुर थापाले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत जिल्ला समाचारदाता जमुना शर्माले गर्नुभएको थियो ।

## पोखरा आउँदै गरेको बस दुर्घटनामा ५१ जना घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

पोखरामा बस दुर्घटना भएको छ । पोखरा २७ स्थित डाँडाकोनाकको खोल्सामा खस्न पुग्दा तालचोकबाट पोखरा तर्फ आउदै गरेको ग १ ख ६७४७ नम्बरको बस दुर्घटनामा परेको प्रहरीले जनाएको छ ।

उक्त बस सडकदेखि करिब २० मिटर टाडाको खोल्सामा पल्टेको हो । दुर्घटना भएको उक्त बसमा करिब ४५ जना सवार भएको कास्की प्रहरीले जनाएको छ । उक्त दुर्घटनामा अधिकांश सामान्य घाइते भएका छन भने केही मध्यम घाइते भएको जिल्ला ट्राफिक कार्यालय कास्कीका सूचना अधिकारी शिव पाठकले बताए ।

घटनास्थलबाट उद्धार गरी हाल उनीहरुको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, गण्डकी मेडिकल कलेज, फिस्टेल हस्पिटल लगायतमा उपचार भई रहेको उनले जनाए । प्रारम्भिक रुपमा हेर्दा घाइतेहरु खतरामुक्त भएको स्थानीयले पोखरापत्रलाई बताए । पोखरा विश्व विद्यालयदेखि पोखरा बजारसम्म चल्ने उक्त लेखनाथ माइक्रो बसमा ३४ जना महिला १० जना पुरुष र १ जना वालक रहेको ट्राफिक प्रहरी बरिष्ठ नायव निरिक्षक समेत रहेका सूचना अधिकारी पाठकले बताए ।

बसका चालक र सहचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनामा परेका विद्यार्थी सोमबार पोखरा विश्वविद्यालयको दीक्षान्त समारोहका लागि लगाउने पोसाक (गाउन) लिएर फर्कँदै गरेको प्रहरीले जनाएको छ ।


## हार्दिक निमन्त्रण !

यस भद्रकाली माध्यमिक विद्यालय कुँडहर, पोखरा-१३ को **७१औं वार्षिकोत्सव, अभिभावक दिवस, पुरस्कार वितरण तथा समुद्घाटन समारोहका साथै चन्दादाताहरूलाई सम्मान गर्ने कार्यक्रम** मिति २०७९ फागुन ८ गते सोमबार बिहान १०:०० बजेदेखि विद्यालयको प्राङ्गणमा सुरु हुन गइरहेकाले उक्त कार्यक्रमसँग सम्बन्धित सबैलाई निमन्त्रणा पत्र पठाई सकिएको छ। यदि निमन्त्रणा पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी कार्यक्रममा उपस्थित भइदिनहुन विद्यालयका सम्पूर्ण व्यवस्थापन समितिका पदाधिकारी, व्यवस्थापन समितिका पूर्व पदाधिकारी तथा सदस्य, सल्लाहकार समितिका सदस्य, शिक्षक अभिभावक संघका पदाधिकारी तथा सदस्य, शैक्षिक परामर्श तथा शैक्षिक सुधार उपसमितिका संयोजक तथा सदस्य, भू.पू. विद्यार्थी एसोसियसनका अध्यक्ष तथा सदस्य, भौतिक निर्माण समितिका पदाधिकारी तथा सदस्य, लेखा समितिका संयोजक तथा सदस्य, संस्थापक आजीवन सदस्य, विद्यालयका भूल गेट निर्माणमा चन्दा दिनुहुने चन्दादाता, अक्षयकोषदाता, अभिभावक, विद्यालयका सम्पूर्ण शुभचिन्तक, शिक्षक तथा विद्यार्थीहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**भद्रकाली माध्यमिक विद्यालय परिवार**
**पोखरा-१३ कुँडहर**


## उपनिर्वाचनका लागि दल दर्ता आह्वान

**पोखरापत्र संवाददाता**
चितवन, ७ फागुन

आगामी वैशाख १० गते चितवन क्षेत्र नं २ मा हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगले दल दर्ता गर्न आह्वान गरेको छ । आयोगले सूचना जारी गर्दै फागुन १० देखि फागुन १६ गतेसम्म दल दर्ताका लागि आह्वान गरेको हो ।

सूचनामा २०७९ फागुन ५ गतेसम्म दर्ता कायम रहेका राजनीतिक दललाई दर्ता गर्न भनिएको छ । नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम २०७९ फागुन १ देखि फागुन १६ गतेसम्म कार्यालय समयभित्र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को अनुसूची १२ बमोजिमको ढाँचामा निर्वाचन आयोगको कार्यालयमा दल दर्ता निवेदन दिन सूचित गरिएको सूचनामा उल्लेख छ । प्रतिनिधिसभाका तत्कालीन सांसद रवि लामिछानेको सांसद पद सर्वोच्च अदालतले


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# आठौं संगम कप विल स्मृति फुटवल प्रतियोगिता सोमबारदेखि सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

पोखरा १३ मा रहेको संगम क्लवको आयोजनामा सोमबारदेखि आठौं संस्करणको संगम कप विल स्मृति फुटवल प्रतियोगिता २०७९ हुने भएको छ।

फुटवल खेलको विकास गर्ने उद्देश्यले यही फागुन ८ देखि १३ गतेसम्म पोखरा रंगशालामा हुने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको क्लवले जनाएको छ।

सोमबार पहिलो खेल आयोजक संगम क्लव र सत्य युवा क्लव बी थ्रट्टीन बिच हुने भएको प्रतियोगिताका संयोजक शिव गुरुङ (माया) ले बताए। त्यसै गरी सोमबार नै सितल ज्योति क्लव र एल.जी.एशोसीयसन बिच दोश्रो खेल हुने भएको छ।

प्रतियोगितामा १६ टिमको सहभागिता रहेको संयोजक मायाले बताए। अखिल नेपाल फुटवल संघ (एन्फा) कास्कीमा आबद्ध भएका क्लवहरु बिच मात्र प्रतिष्प्रर्धा हुने उक्त प्रतियोगिताबाट कास्कीको टिम तयार पार्न २५ जना खेलाडीहरु छनौट समेत गरिने भएको उनले बताए। प्रतियोगिताका विजेतालाई १ लाख ७५ हजार, उपविजेतालाई १ लाख साथमा ट्रफी मेडल र प्रमाण पत्र वितरण गरिने भएको क्लबका अध्यक्ष नरेन्द्रजंग गुरुङले बताए। तल्लो स्तरबाटै फुटवल खेलको विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगितालाई क्लवले निरन्तर रुपमा आयोजना गर्दै आएको उनले जनाए। प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा सहारा हङकङ र संगम एल.जी.हङकङ रहेको छ। प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई ७ हजार, प्रतियोगितामा उत्कृष्ट स्टाइकर, उत्कृष्ट डिफेन्स र उत्कृष्ट मिड फिल्डरलाई जनहि ५/५ हजार पुरस्कार प्रदान गरिने भएको छ। संगम क्लवले २०६८ मा जिल्लामा छनौट भई राष्ट्रिय लिग समेत खेलेको थियो। क्वाटरफाइनलबाट हरेक खेलमा म्यान अफ दी म्याचलाई ट्रफीको साथमा एक हजार रुपैया समेत प्रदान गरिने भएको छ। पुर्व खेलाडी संगम क्बलका संस्थापक सदस्य एवं कप्तान समेत रहेका बिल तामाङको स्मृतिमा क्लवले उक्त फुटवल प्रतियोगिता संचालन गरेको हो। यसैबिच, सोमबार उक्त प्रतियोगिताको एक समारोहका बिच दिउँसो १:०० बजे कास्की जिल्ला फुटवल संघ (एन्फा) का अध्यक्ष उज्जल रन्जितबाट उद्घाटन हुने कार्यक्रम तय गरिएको क्लवले जनाएको छ।

# गाउँका विद्यालयहरु घरासायी बने : सभामुख धिताल

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

गण्डकी प्रदेश सभाका सभामुख कृष्ण प्रसाद धितालले धैरै मानिसहरु शहर केन्द्रित हुँदा गाउँका विद्यालयहरु घरासायी बनेको बताउनुभएको छ।

अन्नपूर्ण मा.वि. खोप्लाङको ६३ औं बार्षिकोत्सव समारोह तथा अभिभावक दिवसको अवसरमा बोल्दै सभामुख धितालले शिक्षामा लगानी अनुसारको नतिजा नआएको बताउनुभएको हो। सरकारले शिक्षाको हरेक विकासमा भौतिकदेखि शैक्षिक सुधार सम्म अर्बौं खर्च गरेको स्मरण गराउँदै त्यस अनुरुपको परिणाम नदेखिएकोले चिन्ता र चासो थपिएको बताउनुभयो। बिद्यालयहरु बिस्तारै रित्तो हुँदैजाँदा शैक्षिक गुणस्तरमा पनि ह्रास आउन थालेको र गाउँका धैरै बिद्यालयहरु अर्को बिद्यालयसँग गाभिन पुग्नेक्रम बढेको बताउनुभयो।

गाउँबाट शहर झर्नेहरुको संख्या दिन प्रतिदिन बढिरहेको कारण गाउँमा जनसंख्या घटेदै गएको, शिक्षा, स्वास्थ्य, रोजगारको लागि शहर नै धाउनुपर्ने बाध्यताले गर्दा पनि गाउँका बिद्यालयहरुमा बिद्यार्थीहरुको कमी भएको उहाँको भनाई थियो। बिद्यालयमा शिक्षक दरबन्दी छ, कक्षाकोठा, भौतिक पूर्वाधार सबै छ तरपनि बिद्यार्थी छैनन् भने त्यसको कुनै अर्थ नहुने बताउँदै सभामुख धितालले भन्नुभयो 'यो अन्नपूर्ण



मा.वि पनि अबको पाँच बर्षपछि अर्को बिद्यालयसँग गाभिने हो की भन्ने चिन्ता पर्न सक्छ'। गाउँका बिद्यालयहरुमा बिद्यार्थीको चाप बढाउने हो भने गाउँ फर्क अभियान ल्याउनुपर्ने उहाँको सुझाव थियो। शहरमा निजि बिद्यालयले दिन सक्ने शिक्षा गाउँमा नै दिन सकियो भने, गाउँमा मोटरबाटो, स्वास्थ्य रोजगारी लगायत आधारभूत आवश्यकताको परिपूर्ति सुनिश्चितता गर्न सकियो भने मानिसहरु गाउँ आउन सक्छन् नत्र भने भएका बिद्यालयहरु पनि कसरी टिकाउने र कोसँग गाभिने भन्ने चिन्ता सबैमा आउने सभामुख धितालको भनाई थियो। कार्यक्रममा गण्डकी प्रदेश सांसद फणिन्द्र देबकोटाले शिक्षाको हरेक समस्यालाई छलफलको माध्यामबाट समाधान गर्न सुझाव दिनुभयो। बिद्यालयले बिद्यार्थीलाई दैनिक कक्षाकोठामा पढाएको मात्र सोच्नु गलत भएको भन्दै बिद्यार्थीले कति सिक्यो, कति व्यवहारमा उतार्न सक्यो यो महत्वपूर्ण हुने बताउनुभयो। आफू यसै क्षेत्रबाट निर्वाचित भएको एक सांसदको हैसियतले यो बिद्यालय र यस क्षेत्रको शिक्षामा नीतिगत सुधारको लागि पहल गरिरहेको दावि गर्दै देबकोटाले भन्नुभयो 'हरेक बर्ष बिद्यालयमा बिद्यार्थी घट्नु, शैक्षिक नितिजा खस्कादो हुनुको पछाडिको समस्या पत्ता लगाएर समाधान गर्न छलफल गरौं'। यस्ता समस्याले दिर्घकालिन असर पार्ने हुँदा समयमा नै समाधान गर्न पहल कदमी दिन बिद्यालय परिवारलाई उहाँले आग्रह समेत गर्नुभयो। उहाँले सरकारी तलब भत्ता मात्र नसोची बिद्यालय र बिद्यार्थीप्रति निष्ठावान भएर काम गर्न समेत सबैलाई आग्रह गर्नुभयो।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका पूर्व खानेपानी, उर्जा तथा जनस्रोत मन्त्री हरिशरण आचार्यले शिक्षाको विकासको लागि लाग्नुपर्ने भनेकै बिद्यालय र शिक्षक भएको वताउनुभयो। विद्यालयले आफ्नो शैक्षिक नतिजा हेरेर, शिक्षकले आफ्नो मेहनत अनुसारको नतिजा आयो कि आएन भनेर मुल्याङ्कन गर्दै कमी कमजोरीबाट नै सफलता तर्फ जान सुझाव दिनुभयो। शैक्षिक गुणस्तर बृद्धिका लागि सरकारले प्रदान गर्ने हरेक तालिम, बजेट, नीति नियम तथा आवश्यक परामर्शबारे विशेष ख्याल गरि त्यसको प्रयोग र परिचालित गर्न सक्नुपर्नेमा जोड दिदै आचार्यले भन्नुभयो 'सामुदायिक विद्यालयमा विद्यार्थी घट्नु वसाईसराई र शहरीया मोह मात्र नभएर गुणस्तरीय शिक्षाको पनि कमी हो'। निजी विद्यालयले दिन सक्ने शिक्षा किन सामुदायिक विद्यालयले दिन नसक्ने भन्दै सरकारले शिक्षाको विकासमा विशेष ध्यान दिन जरुरी रहेको वताउनुभयो।

कार्यक्रममा पालुङटार नगरपालिकाकी उपप्रमुख बन्दना पाण्डेले स्थानीय तहमा गुणस्तरीय शिक्षा प्रदान गर्न पालिकाले बिभिन्न कार्यक्रम अघि सारेको बताउनुभयो। हरेक बर्ष बिद्यालयमा विद्यार्थीहरुको संख्या घट्दै जाँदा अब कसरी विद्यालय टिकाईराख्ने भन्ने सबैको साझा समस्या भएको बताउँदै उप-प्रमुख पाण्डेले भन्नुभयो 'यसको समधानको लागि सबै मिलेर छलफल गर्नु आवश्यक छ'। कार्यक्रममा छिमेकी बिद्यालयका प्रअ, स्थानीय बुद्धिजिवी, राजनीतिक दलका प्रतिनीधि, बिद्याललय व्यवस्थापन समितिका पदाधिकारीहरु, पूर्व शिक्षक कर्मचारी लगायतले बोलेका थिए। कार्यक्रममा सभामुख धितालद्धारा बिद्यालयको नवनिर्मित भवनको उद्घाटन समेत गरिएको थियो भने बिद्यार्थीहरुको संगीतिक प्रस्तुती र मार्चपस समेत प्रस्तुत गरिएको थियो।

# उपनिर्वाचनका...

खारेज गरिदिएपछि रिक्त रहेको चितवन क्षेत्र नं २ मा आगामी वैशाख १० गते उपनिर्वाचन गर्ने तय भएको छ। उपनिर्वाचनका लागि आयोगले निर्वाचन कार्यातालिकासमेत सार्वजनिक गरिसकेको छ। आगामी चैत २० गतेलाई मनोनयनको कार्यतालिका सार्वजनिक भएको छ। निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार चैत २१ गते उम्मेदवारको विरोधमा उजुरी, चैत २२ गते मनोनयन पत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने रहेको छ। यस्तै चैत २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगले जनाएको छ।

# हिसान गण्डकी प्रदेश फुटसल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

पोखरामा शनिबारदेखि प्रथम हिसान गण्डकी प्रदेश फुटसल प्रतियोगिता सुरु भएको छ। प्रतियोगिताको हिसानका अध्यक्ष तथा राष्ट्रिय खेलकुद परिषद्का पुर्व सदस्य सचिब रमेश कुमार सिलुवालले उद्घाटन गरे।

उद्घाटन खेलमा कास्की मोडनाइसले माउण्ट अन्नपुर्ण मावीलाई १०-२ गोल अन्तरले हरायो। फागुन १० गते सम्म सञ्चालन हुने प्रतियोगितामा गण्डकी प्रदेशका ४ जिल्लाका १३ टिमले सहभागीता जनाएका छन्। शनिबार भएको दोस्रो खेलमा जुनियर सिटिजन एकेडेमीले सृजना स्कुललाई ४-३ गोलले हरायो। पहिलो दिनको तेस्रो खेल चिल्डेन लाइफ बागलुङले बालविकास स्कुल नवलपुरलाई ८-२ गोल अन्तरले हरायो।



अर्को खेलमा पोखराको सगरमाथा वि र गैडाकोट नमुना स्कुललाई ५-२ गोल अन्तरले हरायो। सगरमाथा ए, करुणनीधि फाउन्डेसन र द वल्ड क्यापिटलले बाइ पाएका छन्। दोस्रो दिन क्वाटर फाइनलका ४ खेल हुने प्रतियोगिता संयोजक सन्तोष पराजुलीले जानकारी दिए। कास्कीबाट ८, बागलुङबाट २, नवलपुरबाट २ र गोरखाबाट १ गरि १३ टिमले प्रतियोगितामा सहभागीता जनाएका थिए। प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने छन्। प्रतियोगिताको उद्घाटन गर्दै हिसानका अध्यक्ष सिलुवालले प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न सहयोगी हुने बताए। उनले खेलकुदको विकासका लागि प्रतियोगिताहरु सञ्चालन भइरहनु पर्ने बताए। कार्यक्रममा हिसान गण्डकीका अध्यक्ष रमाकान्त बराल, हिसान गण्डकीका उपाध्यक्ष डा. रामजी शर्मा प्रतियोगिताका व्यवस्थापन गरिरहेको सबिन ममोरियल क्लबका अध्यक्ष संजय लिगल लगाएतले प्रतियोगिताका बारेमा जानकारी दिएका थिए।

# पुतलीबजार आँखा शिविरमा ४ हजार ५ सयको आँखा परीक्षण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ फागुन

प्रतिनिधिसभा सदस्य एवं नेपाली कांग्रेसका केन्द्रिय सदस्य धनराज गुरुङ्ले कुरा भन्दा काम गर्नुपर्ने बताएका छन्। अधिकांश नेपालीमा काम गर्ने तत्परता भन्दा काम गर्छु भनेर बोलेर हल्ला गर्ने प्रवृत्तिले काम पुरा गर्न कठिनाई हुने गरेको बताएका हुन्।



पुतलीबजार नगरपालिकाको आयोजना तथा हिमालयन आँखा अस्पताल पोखरा, एनआरएन यूके, नेत्रज्योती संघको संयुक्त पहलमा आयोजित निशुल्क आँखा शिविरको समापन कार्यक्रममा बोल्दै उनले निशुल्क शिविर संचालन गरेर दृष्ट्रिदान जस्तो पुण्यको काम गर्ने सरोकारवालाको प्रशंसा सहित धन्यवाद दिए। पुतलीबजार नगरपालिकाले देखाएको उदाहरणीय र अनुकरणीय कार्यको जिल्लाका सबै पालिकाले संचालन गर्नु पर्नेमा उनले जोड दिदै आवश्यक सहयोग गर्ने बताए। कार्यक्रममा संघीय सांसद एवं नेपाली कांग्रेसका जिल्ला सभापति राजु थापाले रोजगारका लागि विदेशमा पुगेका एनआरएनए लगायत अन्य ब्यक्ति तथा संस्थागत सहयोग विगतदेखि नै स्याङ्जामा धैरै हुदै आएको बताए। दृष्टि प्रदान गर्ने चिकित्सक भगवान सरह रहेको बताउदै सांसद थापाले आगामी दिनमा पनि यस्ता खालका प्रत्यक्ष लाभपुग्ने खालका कार्यक्रमलाई निरन्तरता दिइने बताए। कार्यक्रममा नेत्रज्योति संघका केन्द्रिय सभापति प्रा. डा. चेतराज पन्त, प्रदेश सभापति प्रा. डा. दिलबहादुर क्षेत्री, स्वास्थ्य कार्यालयका प्रमुख बसुन्धरा शर्मा, शिविर संयोजक डा. विशाल गुरुङ लगायतले मोतियाबिन्दु नेपाल र स्याङ्जाको अवस्था र शिविरको प्रभावकारिताका बारेमा आ आफना धारणा ब्यक्त गरेका थिए। माघ महिनाको १५ गतेदेखि जारी शिविरमा शिविरमा झण्डै ४ हजार ५ सय जनाले आखाँ परिक्षण गराएका थिए। ति मध्ये ९ सय २ जनालाई चश्मा उपलब्ध गराइएको थियो भने हजार भन्दा बढीलाई औषधी प्रदान गरिएको छ। शिविरमा आएका मध्ये १ सय ५३ जनामा मोतियाबिन्दु देखिएको थियो। मोतियाबिन्दु देखिएकालाई शल्यक्रिया गरिएको छ। मोतियाबिन्दु देखिएका मध्ये झण्डै एक सय जनाको शल्यक्रिया सकिएको छ। बाँकी रहेका ५३ जनालाई पुतलीबजार नगरपालिकाले पोखरासम्म पुरयाउने ब्यवस्था मिलाउने जनाएको छ। मोतियाविन्दुका कारण हुनसक्ने दृष्ट्रिबिहीनतालाई ध्यान दिदै नगरपालिकाले निशुल्क आँखा शिविर सहित मोतियाविन्दु शल्यक्रियाको आयोजना गरेको हो। नेपालमा पहिलो पटक यस्तो अभियान पुतलीबजार नगरपालिकाले संचालनमा ल्याएको नगरप्रमुख तुलसीराम रेग्मीले जानकारी दिए। उनले भने, 'पुतलीबजार नगरपालिकाका कसैले पनि मोतियाबिन्दुको समस्या भोग्नु नपरोस् भन्ने हाम्रो उदेश्य हो।' पुतलीबजार नगरप्रमुख तुलसीराम रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनस्वास्थ्य अधिकृत अनिशा सुवेदीले स्वागत र रेडियोकर्मी विक्रम सम्बतले संचालन गरेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जनताले लेख्ने उपन्यास नै इतिहास हो । -एल्फ्रेड डे

## सम्पादकीय

# सुधिएन मानवअधिकारको अवस्था

नेपालमा जुनसुकै शासन प्रणाली अपनाए पनि मानव अधिकार उल्लंघन र ज्यादतीका घटना उस्तै छन् । अब त मानवअधिकारको अवस्थामा सुधार आउने अपेक्षा गरेपनि झन बढ्दो छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले तयार पारेको मानव अधिकार वर्ष पुस्तकका अनुसार सन् २०२२ मा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाबाट सात हजार तीन सय ७६ जना पीडित भएका छन् ।

राज्यपक्ष र अन्य पक्षबाट पीडित हुनेको संख्या गत वर्षभन्दा बढेको तथ्यांकले देखाउँछ । सन् २०२२ मा राज्यपक्षबाट ५० महिला र पाँच सय ७३ पुरुष गरी ६ सय २२ जना पीडित भएका छन् । अन्य पक्षबाट भएका घटनामा पीडित हुनेको संख्या बढ्दो देखिएको छ । जसमा महिलाको संख्या बढी छ । पाँच हजार नौ सय ४४ महिला र पुरुष आठ सय सात र अन्य तीनजना गरी ६ हजार सात सय ५४ जना पीडित भएका छन् । यस वर्ष राज्यपक्षबाट हत्या हुने महिलाको संख्या एक र पुरुष चार गरी पाँचजना छन् । अन्य पक्षबाट एक सय ६८ महिला र एक सय ५९ पुरुषको हत्या भएको छ। यो तथ्यांकले मानवअधिकारको अवस्थाबारे राज्य गम्भीर नभएको देखाउँछ । मानवअधिकार उल्लंघन र हननका घटनाको अभिलेखिकरण गर्ने इन्सेकले सन २०२२ मा

एक हजार चार सय ५३ वटा बाल अधिकार हननका घटना भएको जनाएको छ । २२ वटा जातीय विभेद, चार सय ४८ वटा कुटपिट, चार हजार दुई सय ४८ वटा महिला अधिकार हनन भएको छ भने ५३ जनाको कारागार र चारजनाको हिरासतमै ज्यान गएको छ । इन्सेकले जिल्लागत र प्रदेशगत आधारमा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाको तथ्यांक संकलन गरेको थियो । इन्सेकको रिपोर्ट अनुसार सन् २०२२ मा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाको दर डरलाग्दो छ । राज्य र अन्य पक्षबाट भएका मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाको तथ्यांकमा सुधार देखिएको छैन ।

इन्सेकले संकलन गरेको तथ्यांकअनुसार सन् २०१७ मा २५५, २०१८ मा ३२८, २०१९ मा ३५८, २०२० मा ३५०, २०२१ मा ३४२ र २०२२ मा ३३२ जनाको हत्या भएको छ । सन् २०२२ मा ४४८ वटा कुटपिटका घटना भएका छन् । मानव अधिकार उल्लंघन र ज्यादतीका घटना बढ्नुमा धेरै कारण रहेका छन । मानव अधिकार उल्लंघनका घटना सरकारी निकायमा रहेकाबाट हुने र राज्यले संरक्षण गर्न नसक्दा राज्यका निकायबाहेकबाट ज्यादती हुने गरेको छ । संविधानमा मौलिक हकको व्यवस्था भए पनि कार्यान्वयन नहुनु, कानुनको कार्यान्वयन नहुनु, राज्यका निकाय कमजोर हुनु, संवैधानिक निकाय कमजोर हुँदै जाँदा मानव अधिकार उल्लंघनका घटना बढ्दै गएका हुन ।

अदालत विग्रहको सिकार हुनु, अदालतप्रति जनआस्था घट्नु र शान्ति प्रक्रियालाई नै ठीक ढंगले अघि नबढाएको कारण मानव अधिकार उल्लंघन भइरहेको छ। शासन प्रणाली जे अपनाए पनि शासनकर्ताको मनोवृत्ति नफेरिए सम्म मानवअधिकारको बहाली हुन सक्दैन ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चन्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङ सङ्ग्रहालय अधुरै

**पोखरापत्र संवाददाता**
बागलुङ, १ फागुन

बागलुङ नगरपालिका-१ बाङ्गेचौरस्थित बागलुङ सङ्ग्रहालय भवन निर्माण सम्पन्न नहुँदै जीर्ण बनेको छ । बाह्र वर्षदेखि निर्माणाधीन सङ्ग्रहालयका संरचना जीर्ण भएका हुन् ।

रामरेखा सामुदायिक वन क्षेत्रमा निर्माण थालिएको उक्त भवनले पूरा आकार लिन नसकेको स्थानीयवासीले गुनासो गरेका छन् । भवन निर्माणमा सम्बन्धित निकायले चासो नदिँदा सङ्ग्रहालय बनाउने काम अधुरै छ । तत्कालीन जिल्ला विकास समितिको आर्थिक सहयोगमा आदिवासी जनजाति सङ्ग्रहालय बनाउन पहल भएको हो । नेपाल आदिवासी जनजाति समन्वय समिति बागलुङको अगुवाइमा २०६७ असारमा निर्माण थालनी भएर दुई वर्षसम्मको बजेटले पहिलो तला ढलान गरिएको छ । एक तला ढलान भएको भवनमा तत्कालीन जिविसले रु २५ लाख लगानी गरेको थियो । भवनको स्वामित्व र स्रोतको विवादले निर्माण रोकिएको भवन निर्माण समितिका तत्कालीन अध्यक्ष गणेश थापाले बताउनुभयो ।

"मन्त्रिपरिषद्ले नियुक्ती गरेर पठाएको उपाध्यक्ष, राजनीतिक दल, जिल्ला समन्वय समितिका प्रमुखसहितको सर्वदलीय बैठकले आदिवासी जनजाति सङ्ग्रहालय बनाउने निर्णय गरेको हो," उहाँले भन्नुभयो,- "पछि नाममा विवाद भयो, हामीले आदिवासी जनजातीबाट निर्मित बागलुङ सङ्ग्रहालय भनेर राखिनुपर्ने माग राखेको थियौँ । नाममा विवाद र स्रोत जुटाउने कुरामा कोहीले जिम्मेवारी नलिँदा काम अड्कि बढेन ।"

स्वामित्व लिने कुरामा सबै अग्रसर बनेपनि स्रोत जुटाउन भने कोही अघि बढेको छैन । "सङ्ग्रहालय राज्यको सम्पत्ति हो, सबैले सहयोग गर्नुपर्छ", थापाले भन्नुभयो "छुट्टै संस्था दर्ता गरेर नियमावली बनाएर भए पनि बनाउनुपर्छ ।" तत्कालीन जिल्ला विकास समिति, नेपाल आदिवासी जनजाती समन्वय समिति र रामरेखा सामुदायिक वनको त्रिपक्षीय लगानीमा भवन बन्न लागेको थियो । तत्कालीन जिविसको ३४, वन उपभोक्ता समितिको ३३ र जनजाति जिल्ला समन्वय समितिको ३३ प्रतिशत स्वामित्व रहने सहमतिमा सङ्ग्रहालय निर्माण थालिएको थियो ।

तत्कालीन जिविसको अधिकार क्षेत्र कटौती भएपछि भवनका लागि बजेट आउने बाटो पनि बन्द भएको बताइन्छ। करिब १२ आना जमीनमा रहेको निर्माणाधीन भवन झाडीले घेरिएको छ । सङ्ग्रहालयमा बागलुङको पहिचान झल्कने विभिन्न जाति, जनजातिको संस्कृतिलाई राखिने बताइएको छ।

# गरिबसँग विशेश्वर कार्यक्रम

**प्रतीक्षा पौडेल**
पोखरा, ७ फागुन

गरिबसँग विशेश्वर कार्यक्रम भुमि व्यवस्था सहकारी तथा गरीब निवारण मन्त्रालय अन्तर्गत संचालित कार्यक्रम हो । गरिबसग विश्वेश्वर कार्यक्रम स्याङ्जा जिल्ला भरिका ११ वटा स्थानीय तहमध्ये ११ वटा वाड मा मात्र सन्चालनमा छ । यो कार्यक्रम अर्जुनचौपारी गाउँपालिकामा २०७३ बाट संचालन भइरहेको छ।

यसै कार्यक्रम अन्तर्गत अर्जुनचौपरी गाउँपालिका वाड नम्बर ०५ मा आयआर्जन मुलक कार्यक्रममा बाखा वितरण कार्यक्रम गरिएको थियो । यस कार्यक्रम यसै कार्यक्रमकि समाज परिचालिका सुस्मा नेपालीले गर्नु भएको थियो । यस कार्यक्रमको अध्यक्ष आयआर्जन मुलक कार्यक्रमकि अध्यक्ष कमला ढुंगानाले गर्नुभएको थियो भने प्रमुख अथिती अर्जुनचौपरी गाउँपालिका वडा अध्यक्ष बद्री प्रसाद पौडेल हुन्नथ्यो र अन्य अतिथिहरु वडा न ०५ का वडा सचिव त्यसैगरि जन निवाचित जनप्रतिनिधिहरु समाजसेबीहरु तथा समुहका व्यक्तिहरु उपस्थित हुनुहुन्थ्यो । यस कार्यक्रममा अर्जुनचौपरी गाउँपालिका वडा न ५ का वडा सचिवले शुभकामना मन्तव्य राख्दै यो कार्यक्रम उपलब्धि मुलक भएको हुँदा यस कार्यक्रममा बाखा मात्र वितरण नगरी अब अझै नयाँ नयाँ कार्यक्रमहरु संचालन गर्ने जस्तै ठाउँ अनुसार उत्पादन हुने कुरा अदुवा, बेसारको खेती गर्ने जुन बादरले पनि नखाने र यस ठाउँमा अदुवा, बेसारको खेती हुने यहाँ साना मिलहरु उपलब्ध गराई प्रशोधन तथा बिक्री वितरण गर्न सकिने र यहाँको कार्यक्रमले स्याङ्जा जिल्लामा थप कार्यक्रम गर्न टेवा पुऱ्याएको छ विगतका वषहरुको केन्द्रमा मुल्यांकन गदा यस वडाको उतकृस्त बन्न पुगेकोमा बधाई तथा अझै उपलब्धि मुलुक बनेस भन्ने शुभकामना दिनुभयो । साथै प्रमुख अतिथि अर्जुनचौपरी गाउँपालिका वडा ०५ का वडा अध्यक्षले मन्तव्य राख्दै गरिबसँग विश्वेश्वर कार्यक्रम विश्वेश्वरप्रसाद कोइरालाको सिद्धान्त अनुसार यस कार्यक्रमको सुरुवात गरि नेपाल अधिराज्य भरी बिस्तार गर्दै लगिएको छ । पहिला अर्जुनचौपरी गाउँपालिका वडा न ०५ मा मात्र थियो भने अघिल्लो बर्षबाट यसै गाउँपलिकाको वडा न ०२ मा पनि सञ्चालन गरिएको र यस कार्यक्रमलाई विस्तार गर्दै लाने लक्ष्य राखिएको बताउनु भयो र अन्तमा कार्यक्रम अध्यक्ष ज्युले यस कार्यक्रम वडा ०५ को ८ वटा टोलमा गठित छ र यश समूह भित्रका न्युनआय भएका परिबारलाई छनोट गरिएको अर्जुनचौपारी गा पा मा २,५०,००० बजेटमध्ये दुईवटा वडामा १,२५,०००-१,२५,००० गरि बाडिएको र त्यसबाट आफ्नो वडाले पाएको १,२५,००० बाट आजको कार्यक्रम सहित १२ जनालाई १-१ वटा गरि १२ वटा माउ बाखा वितरण गरिएको र थप अन्य यसै आयआजनका कार्यक्रमहरु आगामी दिनका कार्यक्रममा थप परिबारहरु लाभान्वित हुने गरि लक्ष्य राखीऐको बताउदै कार्यक्रम समापन भएको घोषणा गर्नुभयो । विद्यार्थी पत्रकार

# हिमालय माविले स्वर्णमहोत्सव मनाउदै

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन



पोखरा महानगरपालिका वडानं २० मौजा स्थित श्री हिमालय माध्यमिक विद्यालयले स्थापनाको ५० औ वार्षिकोत्सव अर्थात स्वर्ण महोत्सव मनाउँदै छ।

२०२८ सालमा स्थापना भएको सो विद्यालयले यही फागुन ९, १० र ११गते विविध कार्यक्रमहरु आयोजना गरि स्वर्ण महोत्सव मनाउन लागेको विद्यालय व्यवस्थापन समिति का अध्यक्ष एवं स्वर्ण महोत्सव मूल आयोजक समितिका संयोजक सु.हुम बहादुर गुरुङले जानकारी दिए । स्वर्ण महोत्सव कार्यक्रम अन्तर्गत फागुन ९ गते उद्घाटन, विविधता झल्कने स्थानीय झाँकी प्रदर्शन, बिभिन्न जातजातिका भेषभुषा सहित साँस्कृतिक कार्यक्रमहरु, शैक्षिक प्रदर्शनी, लगायत गरिने छ । दोस्रो दिन अर्थात फागुन १० गते राष्ट्रिय स्तरका ख्याति प्राप्त कलाकारहरुद्वारा साङ्गीतिक प्रस्तुतिहरु प्रस्तुत गरिने छन् । तेस्तै फागुन ११ गते अन्तिम दिन समापन लगायत विद्यालयद्वारा बिबिध सांस्कृतिक कार्यक्रमहरु, स्थानिय आमा समुह, युवा क्लब , टोल बकास समितिद्वारा प्रस्तुत गरिने बिभिन्न स्थानिय स्तरका नौला मनोरन्जनात्मक प्रस्तुतिहरु गरिने छन् । साथै बिभिन्न पुरस्कार बितरण तथा तीने दिन विद्यालयलाई शुरुदेखि ब्यक्तिगत, संस्थागतरुपमा सहयोग गर्ने,चन्दादाता, आर्थिक, भौतिक, शैक्षिक तथा नैतिक रुपमा सहयोग पुर्याउने बिभिन्न ब्यक्ती तथा संघ संस्थाहरुलाई सम्मान गर्ने कार्यक्रम रहेका छन्।

स्वर्ण महोत्सवका क्रममा विद्यालयले बिभिन्न उद्देश्यहरु राखेर अगाडि बढेको बताईएको छ । यस अन्तर्गत आर्थिक संकलन अभियानलाई पनि अगाडि बढाएको विद्यालयका प्रधानाध्यापक एवं स्वर्ण महोत्सव मूल आयोजक समितिका सदस्य सचिव मणि राज परियारले जानकारी दिए।

उनका अनुसार, विद्यालयलाई आगामी दिनहरुमा कक्षा १० सम्म मात्र सिमित नराखी दश जोड दुई कक्षा सञ्चालन गर्ने गरी सम्भाब्यता अध्ययन गर्ने, बिशेषगरी विद्यालयमा पशु बिज्ञान प्राविधिक शिक्षा सञ्चालन गर्ने उध्येश्य राखिएको छा यस्तै विद्यालयमा व्यवस्थित छात्रावास, चमेनागृह सहित भुकम्प प्रतिरोधात्मक बालमैत्री कक्षा कोठा भवन निर्माण गरी सञ्चालन गर्ने उद्देश्य राखिएको छ। कम्पुटर शिक्षा, ब्यवस्थित पुस्तकालय, ईन्टरनेट सेवाको क्षमता बढाउँदै प्राविधिक शिक्षा उपलब्ध गराउने, खेलमैदानलाई ब्यवस्थित गर्ने, वातावरण मैत्री शिक्षा उपलब्ध गराउँदै प्रतिष्पर्धात्मक समयानुकूल शिक्षाबाट विद्यार्थीहरु बञ्चित हुन नपर्ने खालका बिभिन्न कार्यक्रम सञ्चालन गर्ने उध्येश्य राखिएको छ। त्यस्तै विद्यालयमा थप अक्षयकोष बृद्धि गराउने,विद्यालयको अभिलेख लाई डिजिटल पध्दति बाट ब्यवस्थापन गर्ने,विद्यालयको समग्र क्षेत्र सुधार गर्ने, शैक्षिक कल्याणकारी कोष स्थापना गर्ने, लगायतका लक्ष्यका साथ कार्यक्रम अगाडी बढाइएको प्रधानाध्यापक परियार ले जानकारी गराए।

बाल बिकाश, देखि १० कक्षा सम्म पढाई हुँदै आएको सो विद्यालयमा हाल करीव १०० विद्यार्थी अध्ययनरत छन् । पोखराको महेन्द्रपुलबाट १४ की. मि.को दुरीमा उत्तर पूर्वी दिशामा विध्यालय रहेको छ । समुन्द्र सतहदेखि करिब १५४४ मिटरको उचाइमा रहेको विध्यालय क्षेत्रमा न्यानो समशितोष्ण हावापानी पाइन्छ । पोखरा महानगरपालिकाको ग्रामीण भेग भएकोले मौजाबासीहरु शहरी जिवनको खोजिमा तीव्र रुपमा शहरतिर बसाई सर्दा यहाको जनसंख्या दिनप्रतिदिन कम हुदै गएको छ । यसको प्रत्यक्ष प्रभाव बिध्यार्थी संख्यामा पनी परेको बिद्यालयले जनाएको छ। गाउँबाट अन्यत्र बसाईलाई न्युनिकरण गर्दै गाउमै बसाईलाई कसरी बढाउने भन्ने उपायहरुको खोजिमा पनी बिध्यालय लागिरहेको छ । उ कास्कीको पर्यटकीय गाउँका रुपमा परिचित मौजामा रहेको यो बिद्यालयले आँफ्नो स्थापनाको ५०औ वर्ष पुरा गरेको छ।

यस अवसरमा बिद्यालयले स्थापनाकालदेखि हालसम्म योगदान पुर्याउने सबै शिक्षा प्रेमी , संस्थापक, अग्रज, चन्दादाता अक्षयकोषदाता लगायतलाई बिशेष धन्यवाद ब्यक्त गर्दै विविध सम्मान का कार्यक्रम समेत गर्ने बताईएको छ।

# गण्डकी प्रदेशमा 'युथ इन पोलिसी एन्ड गभरनेन्स' फेलोसिप

**प्रतिक्षा पौडेल/समिक्षा गौतम**
पोखरा, ७ फागुन




पोखरा रिसर्च सेन्टरले सञ्चालन गरेको गण्डकी प्रदेशमा युथ इन पोलिसि एन्ड गभरनेन्स (वाइपिजी) फेलोसिप कार्यक्रम अन्तर्गत क्याम्प २ भएको छ । नेसनल इन्डोमेन्ट फर डेमोक्रेसीको सहयोगमा रिसर्च सेन्टरले सञ्चालन गरेको उक्त कार्यक्रम अन्तर्गत ४ दिने क्याम्प २ आइतबार सकिएको हो।

२० देखि ३० वर्षका युवालाई कानुन तथा सार्वजनिक नीति निर्माणमा सहभागी गराउने उद्देश्यसँगै सञ्चालन गरिएको उक्त क्याम्प २ मा २६ युवायुवती सहभागी थिए । यसअघि रिसर्च सेन्टरले पुस ७ सम्मको मिति राखेर आवेदन दिन आग्रह गरेको थियो । आवेदकमध्येबाट पहिलो चरणमा ५० जना छनोट गरी गत माघमा पहिलो क्याम्प सञ्चालन भएको थियो । उक्त क्याम्पबाट २६ जनालाई छनोट गरी दोस्रो क्याम्पमा पठाइएको हो । अब रिसर्च सेन्टरले २६ जनाबाट १२ जनालाई अर्को राउन्डमा छनोट गर्नेछ । त्यसपश्चात् १२ जनालाई वाइपिजी फेलोको रुपमा गण्डकी प्रदेश सभाका सदस्यसँग ज्ञान सहायक भई ६ महिना काम गर्ने अवसर प्रदान गरिने रिसर्च सेन्टरका 'एक्जुकेटिभ डाइरेक्टर' सुजन रेग्मीले बताए । सामाजिक नीति नियम र सुशासनमा रुचि राख्ने २०-३० वर्षका गण्डकी प्रदेशमा बसोबास गरिरहेका २ सय ५० जना युवायुवती यसका लागि आवेदन दिएका थिए । युथ इन पोलिसी एन्ड गभरनेन्स (वाइपिजी) अन्तर्गत रिसर्च सेन्टरले प्रदेश १, कर्णाली प्रदेशमा समेत कार्यक्रममा सञ्चालन गरिसकेको छ । गण्डकी प्रदेशमा यसअघि २ पटक यो कार्यक्रम सञ्चालन भइसकेको छ। (विद्यार्थी पत्रकार)

# बाख्रा फार्ममा आगलागी हुँदा बत्तिस लाख क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, ७ फागुन

तनहुँको देवघाट गाउँपालिका-५ स्थित बाख्रा फार्ममा आगलागी हुँदा रु ३२ लाख बराबरको पशुधन तथा अन्य सम्पत्तिको क्षति भएको छ।

सोही ठाउँका बुद्धिप्रसाद उपाध्यायले सञ्चालन गरेको भट्टराई कृषि तथा बाख्रा फार्ममा आइतबार आगलागी हुँदा सो क्षति भएको हो । आगलागीबाट चार बाख्रा जलेर मरेका छन् भने अठार वटा बाख्रा जलेर घाइते भएको प्रहरीले जनाएको छ । बाख्राको गोठ, पराल, दाना, चोकरलगायतका सामन पूर्णरूपमा जलेर नष्ट भएको इलाका प्रहरी प्रमुख कृष्णबहादुर बानियाँले जानकारी दिनुभयो । सो फार्ममा ६२ वटा बाख्रा, पाँचवटा भैंसी, चारवटा गाई थिए । प्रहरीका अनुसार राति ०१:३० बजे लागेको आगो भरतपुर महानगरपालिकाबाट आएको दमकल, प्रहरी र स्थानीयवासीको सहयोगमा बिहान ३ बजे नियन्त्रणमा आएको थियो। करिब १४ वर्ष वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया र सिङ्गापुर बसेर फर्किनुभएका उपाध्यायले विसं २०७७ साल असारबाट उक्त फार्म सञ्चालन गर्नुभएको थियो।

